**आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली**
**मितिः ०१ मई २०२६**
समयः १८:५० - १९:०५ बजे *(अवधि १५ मिनट)*

**प्रमुख समाचार**

१. आज बुद्ध पूर्णिमा संसारभर हर्सोल्लासको साथ् मनाईदैछ।

२. आगामी ४ मईमा हुने मतगणना अघि पश्चिम बंगालमा सुरक्षा व्यवस्था कडा पारिएको छ।

३. संसारभरका श्रमजीवीलाई सम्मान गर्ने उद्देश्यले आज श्रम दिवस मनाइँदैछ।

४. आईएससी (ISC) परीक्षा २०२६मा सेन्ट जोसेफ कलेज (स्कूल विभाग)का विद्यार्थी यामिक सुब्बाले ९९.५ प्रतिशत अङ्क प्राप्त गरी उत्कृष्ट परिणाम हासिल गरेका छन्।

५. मौसम विभागले पश्चिम बङ्गालका कतिपय जिल्लाहरूमा आगामी सातासम्म वर्षा हुने अनुमान व्यक्त गरिएको छ।

**बुद्ध पूर्णिमा**

आज बुद्ध पूर्णिमा संसारभर हर्सोल्लासको साथ् मनाईदैछ। आजकै दिन भगवान् गौतम बुद्धको जन्म, ज्ञानको प्राप्ति बुद्धत्व र महापरिनिर्वाण भएको थियो। उहाले बिहारको बोधगयामा महाबोधि वृक्षमुनि बुद्धत्व प्राप्त गर्नुभयो। यो विशेष गरी भारत, नेपाल, भुटान, म्यानमार, थाइल्यान्ड, तिब्बत, कोरिया, लाओ, भियतनाम, मङ्गोलिया, कम्बोडिया, सिङ्गापुर, इन्डोनेसिया र श्रीलङ्कामा मनाइन्छ।

**उत्तर बगाल बुद्द जयन्ती**

यता उत्तर बगालको बिभीन्न क्षेत्रहरुको साथमा दार्जिलिंग खरसांग कालेबुंग मिरिक लगायतका स्थानहरुमा बडो हर्सोल्लासको साथमा बुद्द जयन्ती पालन गरिएको छ भने बिभिन्न गुम्बाहरुको आयोजनामा बृहत शोभायात्राहरु संमेत आयोजना गरियो। यसै क्रममा सिलिगुडी नजिकै रहेको सालुगरा तोरीबारी बौद्ध गुम्बामा २५७० औं बुद्ध जयन्ती भव्यताका साथ मनाइएको थियो। बिहानैदेखि गुम्बा परिसरमा भक्तजनको भीड लागेको थियो। टाढा-टाढाबाट आएका बौद्ध धर्मावलम्बीहरूको उपस्थितिले उत्सवमय वातावरण सिर्जना भएको थियो। यस्तै सुकेपोखरीको माझीधुरा स्थित मानी छयोलिङ गुम्बामा बुद्धजयन्ती भव्य तथा श्रद्धापूर्वक मनाइएको छ। गुम्बाका प्रमुख दावा कर्म शेर्पा (लामा) को अगुवाइमा भगवान बुद्धको प्रतिमा तथा बौद्ध धार्मिक ग्रन्थहरूलाई माझीधुरा गुम्बा परिसरबाट सुकेपोखरी बजारसम्म परिक्रमा गराई पुनः गुम्बामा ल्याइएको थियो। परिक्रमा भक्तजन, स्थानिय बिध्यर्थी, नागरिकहरूको व्यापक सहभागीता रहेको थियो। यता खरसांगको तीनधारेको मिठाईडाँडास्थित पद्ममा छोईलिङ गुम्बामा बुद्ध जयन्ती समारोह सम्पन्न भएको छ। गुम्बा सञ्चालन समिति तथा तामाङ बुध्दिष्ट एसोसिएसन तीनधारेको आयोजनामा धार्मिक अनुष्ठान र शोभायात्राको साथमा पालन गरिएको छ। यस अवसरमा गत २९ अप्रेलदेखि शुरु उक्त धार्मिक अनुष्ठान गुम्बाको प्रमुख लामा म्हेमे बुम्बा डुम्जनको अगुवाईमा दोमङ घ्यातोङबा पठन साथै सोल्खा पूजापछी सम्पन्न गरिएको छ

**प्रधानमंत्री-शाह - बुद्ध पूर्णिमा**

राष्ट्रपति द्रौपदी मुर्मु, प्रधानमन्त्री नरेन्द्र मोदी , गृहमन्त्री अमित शाह र लोकसभा अध्यक्ष ओम बिरलाले बुद्धपूर्णिमाका अवसरमा शुभकामना व्यक्त गर्नुभयो। आफ्नो सन्देशमा राष्ट्रपतिले, "यो शुभ दिन भगवान बुद्धको पृथ्वीमा आगमन, बुद्धत्व र महापरिनिर्वाणको ऐतिहासिक घटनाको प्रतीक रहेको बताउनु भयो। उहाले भन्नुभयो करुणा, अहिंसा, शान्ति र ज्ञानको उनको

अनन्त सन्देशले सम्पूर्ण मानवतालाई मार्गदर्शन गर्नेछ। यस्तै आफ्नो सन्देशमा प्रधानमन्त्री नरेन्द्र मोदीले भन्नुभयो, सरकार भगवान बुद्धका आदर्शहरूलाई साकार पार्न प्रतिबद्ध छ। गृहमन्त्री अमित शाहले भन्नुभयो, भगवान बुद्धको जीवनले हामीलाई सत्य, अहिंसा र करुणाको मार्गमा चल्दै मानव कल्याणको लागि निरन्तर प्रयास गर्न प्रेरित गर्दछ । लोकसभा अध्यक्ष ओम बिरलाले आफ्नो सन्देशमा 'वैशाख महिनामा पर्ने बुद्ध पूर्णिमा आत्म-चिन्तन, जागरूकता, आध्यात्मिकता र मानवताको मार्गमा अघि बढ्ने संकल्प हो। उहाले भगवान् बुद्धको सम्पूर्ण जीवन त्याग, ज्ञान र करुणाको असाधारण यात्रा भएको बताउनु भयो ।

**पश्चिम बंगाल-मतगणना**

आगामी सोमबार हुने  मतगणना अघि पश्चिम बंगालमा सुरक्षा व्यवस्था कडा पारिएको छ । राज्यका २९४ विधानसभा निर्वाचन क्षेत्रका ७७ मतगणना केन्द्रहरूमा स्ट्रङरुमको सुरक्षाका लागि करिब १,८५० केन्द्रीय सुरक्षाकर्मी खटाइएको छ। सीसीटीभीको निगरानीका साथ तीन तहको सुरक्षा प्रणाली बनाइने अधिकारीहरूले बताएका छन्। निर्वाचन आयोगले मतगणना केन्द्रको एक सय मिटरभित्र कुनै पनि सवारी साधन प्रवेश गर्न नपाइने जनाएको छ । परिसर बाहिरको सुरक्षाको जिम्मा सशस्त्र पुलिसलाई दिइएको छ । राज्य पुलिस र केन्द्रीय बल दुवैले मतगणना हलमा जाने प्रवेशद्वार र बाटोको व्यवस्थापन गर्नेछन् । तर, मतगणना कक्षमा केन्द्रीय बल मात्रै उपस्थित हुनेछन् । रिटर्निंग अफिसर र आधिकारिक सुपरभाइजरबाहेक मोबाइल फोन प्रयोग गर्न निषेध गरिएको छ।

**मतगणना केंद्र**

पश्चिम बंगालमा विधानसभा चुनावको मतगणना अघि निर्वाचन आयोगले ठूलो निर्णय लिँदै मतगणना केन्द्रको संख्या घटाउने निरणय गरेको छ । मुख्य निर्वाचन अधिकृत कार्यालयका अनुसार हाल २९४ विधानसभा सिटको मतगणना ७७ केन्द्रमा हुनेछ । आयोगले प्रत्येक केन्द्रको विवरण सहितको जिल्लागत नामावली पनि सार्वजनिक गरेको छ । २०१६ को विधानसभा चुनावमा राज्यमा ९० मतगणना केन्द्र थिए, जबकि २०२१ मा उनीहरूको संख्या बढेर १०८ पुगेको थियो। तर गत 17 अप्रैलमा आयोगलाई त्यसलाई घटाएर ८७ गरेको थियो भने हाल ७७ बनाएको छ। जिल्लागत तथ्यांकअनुसार अलीपुरद्वारमा एक, बाँकुरामा तीन, वीरभूममा तीन, कुचबिहारमा पाँच, दक्षिण दिनाजपुरमा दुई, दार्जिलिङमा तीन, हुगलीमा पाँच, हावडामा चार, जलपाइगुडीमा दुई, झारग्राममा एक, कालिम्पोङमा एक, कोलकातामा पाँच, मालदामा दुई, मुर्सिदावादमा पाँच, नदियामा चार, उत्तर २४ परगनामा सात, पश्चिम बर्धमानमा दुई, पश्चिम मेदिनीपुरमा तीन, पूर्व वर्धमानमा चार, पूर्व मेदिनीपुरमा चार, पुरुलियामा तीन, दक्षिण २४ परगनामा ६ र उत्तर दिनाजपुरमा दुई मतगणना केन्द्र बनाइएको छ।

**पश्चिम बंगाल-सीईओ- मतगणना**

पश्चिम बंगालका मुख्य निर्वाचन अधिकारी मनोज अग्रवालले  मतगणना केन्द्रमा रहेको स्ट्रङरुममा चौबीसै घण्टा सीसीटीभीको सहायताले निगरानी भइरहेको बताउनु भयो । यसको साथमा यी केन्द्रहरूमा कुनै पनि प्रकारको उपद्रवको नै गुञ्जाइ नरहेको बताउनुभयो। आज कोलकातामा पत्रकारहरूसँग कुरा गर्दै उहाले आरोप लगाउने कुनै कारण र प्रमाण नभएको बताउनु भयो।

**पश्चिम बंगाल सीईओ- ममता बनर्जी**

पश्चिम बंगालका मुख्य निर्वाचन अधिकारी मनोज अग्रवालले मुख्यमन्त्री ममता बनर्जीले मतगणना केन्द्रमा धाँधली गरेको आरोप आधारहीन भएको बताउनु भएको छ । आकाशवाणीको विशेष अन्तर्वार्तामा उहाले भन्नुभयो सबै मतगणना केन्द्रहरूमा पर्याप्त सीसीटीभी क्यामेरा जडान गरिएको छ र कडा सुरक्षा सुनिश्चित गर्न पर्याप्त केन्द्रीय बल तैनाथ गरिएको छ। तोकिएको माध्यमबाट जस्तोसुकै किसिमको शिकायत गर्न सकिने उहाको भनाइ छ । उहाले चुनावपछिको हिंसालाई सम्बोधन गर्न आयोगले हरसम्भव उपायहरू अपनाइरहेको बताउनु भयो।  तृणमूल कांग्रेसकी नेता तथा मुख्यमन्त्री ममता बनर्जीले कोलकाताको सखावत मेमोरियल स्कूलको स्ट्रङरुमको भ्रमण गर्दै  मतदान र मतगणनाको बीचमा चार दिनको अन्तराल जानीजानी मतदान मेसिनमा छेडछाड गरेको आरोप लगाउनु भयो । मुख्यमन्त्रीले आफ्नो पार्टीले ईभीएमसँग छेडछाड गर्ने कुनै पनि प्रयासको विरोध गर्ने बताउनु

भएको छ। उहाले  पारदर्शिता कायम गर्न राज्यभरका सबै स्ट्रङरूमहरू बाहिर सीसीटीभी क्यामेरा जडान गर्न आयोगलाई आग्रह गर्नुभयो।

**सर्वोच्च न्यायालय-टीएमसी याचिका**

कलकत्ता उच्च न्यायालयले मतगणना केन्द्रहरूमा पर्यवेक्षकहरू रुपमा केन्द्र सरकारका कर्मचारीहरूको नियुक्तिलाई चुनौती दिँदै तृणमूल कांग्रेसले दायर गरेको याचिका खारेज गरेको छ। न्यायमूर्तिकृष्ण रावले आफ्नो फैसलामा 'निर्वाचन आयोगसँग राज्य सरकार वा केन्द्र सरकारबाट मतगणना पर्यवेक्षक र मतगणना सहायकहरू नियुक्त गर्ने अधिकार रहेको बताउनु भयो । न्यायालयले केन्द्र सरकार वा केन्द्रीय सार्वजनिक क्षेत्रका उपक्रमहरूले मतगणना पर्यवेक्षक र मतगणना सहायकहरूको नियुक्ति गैरकानुनी नभएको बताएको छ। फैसलामा भनिएको छ, 'जनप्रतिनिधित्व कानूनको धारा १०० अन्तर्गत यदि पछि यो प्रमाणित भयो कि निर्वाचन आयोगको निर्णयले अनुचित फाइदा पुर् यायो जसका कारण तृणमूल उम्मेदवार भारतीय जनता पार्टीका उम्मेदवारसँग पराजित भए परिणामलाई कानुनी रूपमा चुनौती दिन सकिन्छ।

**कालेबुङ**

आगामी 4 मईमा हुने पश्चिम बंगाल विधानसभा चुनाव 2026 को मतगणनालाई केन्द्र गरी कालेबुङ जिल्लापाल कार्यालयले ट्राफिक नियमबारे निर्देशिका जारी गरेको छ। उक्त दिन कालेबुङको डम्बर चोकदेखि केडी प्रधान रोड (हस्पिटल रोड) भएर एसयूएमआई स्कुल सम्म कुनै पनि प्रकारको वाहनहरू आवत-जावत गर्न पुर्ण रुपमा प्रतिबन्ध लगाइएको छ। यसैगरी कालेबुङको मेनरोड, डम्बर चोक अनि केडी प्रधान रोडमा बिहान 6 बजेदेखि बेलुकी 6 बजेसम्म चुनावमा प्रयोग गरिने वाहनबाहेक अन्य वाहनहरू लाई पार्किङ गर्न निषेध गरिएको निर्देशिकामा उल्लेख गरिएको छ।

**श्रम दिवस**

संसारभरका श्रमजीवीलाई सम्मान गर्ने उद्देश्यले आज श्रम दिवस मनाइँदैछ । यसलाई मई दिवस पनि भनिन्छ । यस दिन आर्थिक र सामाजिक अधिकारका लागि श्रमिकले गरेको बलिदानको सम्झना संसारभर गरिन्छ ।सन् १८८६ मा अमेरिकाका कामदारहरूले दैनिक आठ घण्टा काम गर्नुपर्ने माग गर्दै ठूलो प्रदर्शन गरे जो शिकागोमा हिंसात्मक रुप लियो, जसले गर्दा धेरै मानिसहरू घाइते भए। हेमार्केट कांड भनेर प्रसिद्ध यो घटनाले अन्तर्राष्ट्रिय मजदुर दिवसको सुरुवातलाई चिह्नित गर्यो। १८८९ मा युरोपका धेरै समाजवादी पार्टीहरूले १ मेलाई अन्तर्राष्ट्रिय मजदुर दिवसको रूपमा मनाउने निर्णय गरेपछी यस दिनलाई श्रमीक दिवसको रुपमा मनाईन्छ।

**क्रामाकपा**

आज क्रामाकपा केन्द्रीय कार्यालयमा दार्जिलिङ आञ्चलिक कमिटीको आयोजनामा १४० औ अन्तर्राष्ट्रिय मई दिवस पालन गरियो। शेखर क्षेत्रीले सञ्चालन गरेको सभामा केन्द्रीय महासचिव नर्बु लामाको बाहुलीबाट पार्टीको दलीय झण्डा उत्तोलन गरियो,साथै शहिदवेदीमा धुप तथा द्वीप प्रज्वलन गर्दै शहीदहरूको सम्झनामा माल्यर्पण गरेर एक मिनेटको मौन धारण गरियो।

**यमिक**

आईएससी (ISC) परीक्षा २०२६ को नतिजा सार्वजनिक भएसँगै दार्जीलिङको प्रख्यात शिक्षण संस्था सेन्ट जोसेफ कलेज (स्कूल विभाग) मा उत्सवको वातावरण छाएको छ। विद्यालयका होनहार विद्यार्थी यामिक सुब्बाले मानविकी (Humanities) संकायमा ९९.५ प्रतिशत अङ्क प्राप्त गरी सानदार सफलता हासिल गरेका छन्। दार्जिलिङ पुलबजार खण्ड अधिनस्त कैजले ग्रामको सिरिसे निवासी डा किरण सुब्बाको छोरो यमिक सुब्बाले उत्कृष्ट नतिजा ल्याउदै आफ्नो व्याक्तीगत उपलब्धि सगै सम्पुर्ण क्षेत्रलाई गौरवान्वित पार्न सफल भएका छन। सुब्बाले भूगोल अनि सामाजिक शास्त्रमा पुरै 100, अग्रेजी अनि राजनैतिक शास्त्रमा 99 तथा इतिहासमा 98 अक ल्याउन सफल भएका छन। सानैदेखि पढाइमा लगनशील तथा मेहनती सुब्बाको यस उपलब्धिले मेहनत गर्नेहरूको निम्ति सफलता कुनै कठिन बिषय नरहेको उदाहरण प्रस्तुत गरेको छ

**(डीएचआर)**

विश्वव्यापी स्तरमा भारतको प्रतिष्ठित इन्जिनियरिङ विरासतको संरक्षण गर्ने उद्देश्यले माउन्टेन रेलवे कोअर्डिनेसन कमिटी (एचआरसीसी) ले सन् २०२६ को आफ्नो त्रैमासिक बैठक दार्जिलिङमा आयोजना गरेको छ । सम्मेलनको आयोजना दार्जिलिङ हिमालयन रेलवे ले गरेको हो । बैठकमा आधुनिक रेल सेवा र सम्पदा संरक्षणबीच सन्तुलन कायम गर्ने विषयमा विस्तृत छलफल भएको थियो । रेलवे बोर्डका कार्यकारी निर्देशकको अध्यक्षतामा उच्चस्तरीय सम्मेलन भएको थियो, जसमा देशका सबै प्रमुख माउन्टेन रेल नेटवर्कका वरिष्ठ अधिकारीहरू उपस्थित थिए। बैठकमा नीलगिरी माउन्टेन रेलवे, कालका-शिमला रेलवे, माथेरान हिल रेलवे र कांगडा भ्याली रेलवेका प्रतिनिधिहरूले भाग लिएका थिए भने पर्वतीय रेलवेको भविष्यबारे आफ्ना विचार राखेका थिए। पहाड क्षेत्रमा रेल सञ्चालनसँग सम्बन्धित चुनौतीलाई सम्बोधन गर्न बैठकको मुख्य उद्देश्य रहेको निर्देशक डीएचआर ऋषभ चौधरीले जानकारी दिनुभयो । बैठकमा  दिर्घकालिन स्थिरताका लागि नवीनता र समन्वित रणनीतिका साथ सम्पदा संरक्षण आवश्यक रहेको कुरामा अधिकारीहरू सहमत भए।

**नगरपालिका**

आज दार्जीलिङ्ग नगरपालिकाले नगरपालिका क्षेत्रमा फोहोर व्यवस्थापन गर्नका निम्ति दुई वटा गाडी सुचारू गरिएको नगरपालिका अध्यक्ष दिपेन ठकुरीले जनाएका छन्। विशेष पन्ध्रऔं वित्त (Fifteen Finance) अन्तर्गतको रकम प्रयोग गरेर उक्त फोहोर संकलन गाडी सुचारू गरिएको जनाउँदै दार्जीलिङ्गको  फोहोर विषयमा र सगीतको माध्यमबाट जागरुकता गराउने योजना रहेको  जसको कारण जनमानसमा जनचेतना आउने विश्वास व्यक्त गरिएको छ।

**मौसम**

पश्चिम बङ्गालका कतिपय जिल्लाहरूमा आगामी सातासम्म वर्षा हुने अनुमान व्यक्त गरिएको छ। मौसम विभागको अनुसार उत्तर अनि दक्षिण बङ्गालका केही जिल्लाहरूमा मेघ गर्जनसितै वर्षा तथा तीव्र हावा चल्नसक्छ। यता उत्तर बङ्गालका जिल्लाहरूको लागि पनि घना वर्षा हुने चेताउनी जारी गरिएको छ।

****** ० ******